११२४।६३६

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ८९/२०७१/०७२

निर्णय नं. ७३६

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल ..........................................................................१ निवेदक

विरूद्ध

प्रमुख जिल्ला अधिकारी (कार्यालय प्रमुख), जिल्ला प्रशासन कार्यालय, ओखलढुंगा ...................१ विपक्षी
सूचना अधिकारी, जिल्ला प्रशासन कार्यालय, ओखलढुँगा ...................................................१

विषय :- सूचना दिनू भनिएकोमा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताललले जिल्ला प्रशासन कार्यालय, ओखलढुँगा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।१९ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७१।०९।०३ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, ओखलढुँगालाई सूचना उपलव्ध गराउन लेखी गएको । तत् पश्चात निज पुनरावेदकले मिति २०७१।१२।२३ मा सूचना पाइन भनी उजुरी गरेको र आयोगबाट मिति २०७१।१२।२९ मा ताकेता पत्र पठाइ सूचना दिन लेखी गएको । तत् पश्चात निज पुनरावेदकले मिति २०७१।१२।२३ मा सूचना पाईन भनी उजुरी गरेको र आयोगबाट मिति २०७१।१२।२९ मा तोकता पत्र पठाई सूचना दिन लेखी गएको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्बवत् २०७२ चैत्र ११ गते रोज ५ शुभम्